जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-१३, २०८३ असोज २९ गते विहीबार, 15 Oct 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

हराउँदै दशैंको मौलिकता

○सरिता दाहाल

मकवानपुर । हिन्दु नेपालीहरुले मुख्य पर्वको रुपमा मनाउँदै आएको विजयाको प्रतिक वडा दशैंको नौरथा सुरु भइसकेको छ । घर र मन्दिरहरुमा दुर्गापूजा स्थापना गरी जमरा राखिएको छ ।

तर दशैंमा जुन रौनकता विगतमा देखिन्थ्यो त्यो विस्तारै हराउँदै गएको छ । यो वर्ष प्राकृतिक प्रकोपको कारण देशमा पीडा थपिएकोले यथार्थ एकातिर छ । तर गाँउघरको पर्वको मौलिकता पनि हराउँदो छ ।

"दशैं आउन लाग्यो भन्ने बितिकै बाबियो, बाँसको लिङ्गो, कमेरो माटोको खोजि सुरु हुन्थ्यो अहिले तिनीहरुको वास्तै हुदैन" मकवानपुरगढी ५ का लक्ष्मण घिमिरेले भने "अब ढुङ्गामाटोको घरहरु नै भेट्न गाह्रो छ।"

प्रकृतिको पनि अचम्मकै लाग्छ, वर्षभरी कमेरो माटो खोजेर भेटिदैनथ्यो भदौको अन्ततिर वा असोज लागेपछि (नौरथा नजिकीदै गर्दा) जमिन बाहिर कमेरो देखा पर्दथ्यो, यो जमिनबाटै पलाउने र सिमित हुन्थ्यो" उनी भन्छन् "कहिले एकै ठाँउमा प्रत्येक वर्ष कमेरो माटो पलाउँथ्यो कहिले एक पटक खनेपछि सकिन्थो ।" वनजंगलमा घाँस, दाउरा, सोतर खोज्न जाँदा माटो पलाएको छ की भनेर पनि ध्यान दिने गरेको उनी बताउँछन् ।

अहिलेको पुस्तालाई कमेरो माटो खोज्ने, खन्ने र आसार्ने बारे जानकारी नै छैन । कमेरो माटो संकलन गर्न जमिन मूनि धेरै तलसम्म खाल्डो खन्नुपर्दा यो जोखिमपूर्ण पनि हुने गरेको उनको अनुभव छ । माटो खन्न खाल्डोभित्र पसेको बेलामा माटो भासिएर कतिको ज्यान जाने गरेले यो उच्च जोखिमको काम हो । त्यो भन्दा अहिले बजारमा पाइने रङहरु नै उपयोगि मान्दछन् उनी ।

उबेलाको रमाइलो यस्तो थियो घिमिरे स्मरण गर्दछन्, "कमेरो र रातो माटोले घरको भित्तामा पोतिन्थो, विभिन्न चित्रहरु बनाएर काला भरिन्थ्यो, झ्याल ढोकाहरुमा ब्याट्रीको कालो धुललाई पानी र तेल मिसाएर फिटेर लगाउँथ्यौ अनि त घर त चिटिक्कै हुन्थ्यो ।"

कतैकतै कालो माटोले पनि घरको पिढीका भित्ताहरुमा थप आकर्षण र कला थपिने गरिएको उनी बताउँछन् । अहिले उबेला जस्तो विभिन्न रङको माटोले घर पोत्ने रङ्ग्याउने चलन हराउँदै गए ।

हाल शहरका मात्रै हैन ग्रामिण घरहरु पनि सिमेन्टलगाएर बनाउने र



चुन तथा आधुनिक रङको प्रयोग प्रचलन बढेको छ । यसैले गाउँघरमा दशैंसँग जोडिएको माटोले घर र ङ्ग्याउने चलन पनि हराउँदै गएको हो ।

माटोको जोडाइ र लिपपोत गरी बनाइएको घरमा विभिन्न रङका माटो प्रयोग गरी हुन्थ्यो घरको लिप पोतपछि दशैको झल्को आउँथ्यो ।

घर लिपपोत गर्न घरदेखि घण्टौं लामो यात्रा गरेर वन, खोल्सी तथा डाँडापाखाबाट सेतो माटो (कमेरो) खोजेर ल्याउने र परिवारका सदस्य मिलेर लिपपोत गर्ने चलन अहिले भने क्रमश: हराउँदो छ ।

पछिल्लो समय आधुनिक सामग्रीको प्रयोगले घर सफा र आकर्षक बनाउन सहज भए पनि परम्परागत कमेरो लगाउने चलनसँग जोडिएको मौलिकता भने लोप हुँदै गएको छ । नयाँ पुस्ताले लिपपोत र कमेरो लगाउने घर निर्माणको अभ्याससँगै पुरानो शैलीको यस्ता परम्परागत चलन तथा अनुभव समेत ओझेलमा पर्दै गएको हेटौंडा उपमहानगरपालिका १८ फुर्केचौरका ज्वाला पराजुली बताउँछन् ।

अहिले घरहरु सिमेन्ट जडित हुने तथा बजारमा सहजै पाइने चुन तथा अन्य रङ प्रयोग गर्न थालिएपछि माटो खोज्नुपर्ने झन्झटै हटेको उनी पराजुली बताउँछन् । गाउँघरमा भएका माटो जडित घरहरुमा समेत बजारिया रङ नै प्रयोग गर्ने गरेकोले समेत माटोको प्रयोग कथा जस्तै बनेको छ ।

"पहिले घण्टौ लगाएर कमेरो खोज्न खोला र खोल्सीसम्म पुग्नुपर्थ्यो" भिमफेदी गाउँपालिका नामटारका इन्द्र बर्तौलाले अनुभव सुनाउँदै भने "घरमा ल्याएर तयार गरिएको माटो भित्तामा लगाउने चलन थियो । अहिले त्यो कथा बन्यो, त्यो एक प्रकारको मौलिकता नै बनेको थियो ।"

समयसँगै घर निर्माणको शैली, मानिसको जीवनशैली र बजारमा उपलब्ध सामग्रीमा आएको परिवर्तनले पनि परम्परागत लिपपोत गर्ने अभ्यास हराउँदै गए । घर सजाउने परम्परागत तरिका पनि बदलिदै गयो ।

कमेरो लगाउने चलन केवल घर सजाउने माध्यममात्र नभई गाउँघरको संस्कृति, सामुदायिक एकता, सहकार्य, श्रम र पारिवारिक उत्साहसँग पनि जोडिएको परम्परा थियो । अब पहिले जस्तो एकअर्काको सुखदुखमा साथ दिनेहरु समेत कमै भेटिन्छन् हेटौंडा १८ सुकौराकी समित्रा पुडासैनी भन्छिन् "सामाजिक सञ्जालले वास्तविका छिमेकी/समाज, परिवारभित्रै समेत आपसी चासो कम गरेको छ।"

हराउँदै परम्परागत पिङहरू

दशैंको आफ्नै मौलिक, सांस्कृतिक छ, यसको आफ्नै सामाजिक महत्व छ। दशैं भन्नेबित्तिकै गाउँघरमा हालिने लिङ्गे पिङ र रोटे पिङको सम्झना सबैभन्दा पहिले आउँछ। तर पछिल्लो समय यो पनि हराउँदै छन् ।

प्रविधि, व्यस्त जीवन शैली र शहरीया रहनसहनले सामाजिक जीवनशैलीमा आएको परिवर्तनसँगै लिङ्गे पिङहरु पनि हराउँदै छन् । गाउँघर मा सबै मिलेर बाबियो खोज्ने, लठ्ठा बाट्ने र बाँस खोज्ने पिङ हाल्ने फुर्सद अब छैन । गाउँघरमा पीङ देख्नै मुस्किल छ अचेल । परम्परा बचाउन भनेर हालिने पिङहरु पनि बाबियोको हैन सुतली र नाइलनको डोरीको हुन्छन् ।

रोटे पिङको झन् इतिहास नै खोज्न पर्ने भैसक्यो । डोरी र काठका ठूला खाम्बाहरू प्रयोग गरेर घुमाउने तरिकाले बनाइने *बाँकी पेज ४ मा*

इन्साइड ---- स्टोरी

शिक्षक र शिक्षा



बालकुमार श्रेष्ठ

विचार : पेज २ मा

सवारी चाप नियन्त्रण गर्न टाइमकार्ड

पेज ३ मा

वडा दशैंको शुभकामना



नेपालीहरूको महान पर्व शुभ विजया दशमीको अवसरमा हाम्रा पाठक वर्गहरू, विज्ञापनदाताहरू, स्तम्भकारहरू, शुभचिन्तकहरूलगायत आमनेपालीहरूमा सुख, शान्ति,समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सहीखबर

साप्ताहिक परिवार

आफ्नो घर, आँगन तथा टोल स्वच्छ र सफा राखौं सभ्य नागरिकको परिचय दिऔं

- हाम्रो वरपरको वातावरण सरसफाई राखौं। स्वच्छ वातावरणमा बाचौ र रमाऔं । <u>बातावरण सफा राख्न:</u>

☞ सार्वजनिक स्थानहरू सफा राख्नुहोस्, फोहोर उचित ठाउँमा फाल्नुहोस् ।

☞ वातावरण संरक्षणमा ध्यान दिनुहोस्, पुन: प्रयोग र रिसाइक्लिङलाई प्राथमिकता दिनुहोस् ।

<u>सरसफाइका फाइदाहरू</u>

- रोग र संक्रमणबाट बच्न सकिन्छ,
- शारीरिक र मानसिक स्वास्थ्य सुधार हुन्छ,
- आत्मविश्वास बढ्छ,
- समाजमा सकारात्मक छवि निर्माण हुन्छ,
- नयाँ पुस्ताले सकारात्मक ज्ञान आर्जन गर्न सक्नेछन्,
- व्यक्ति र समाजको सभ्य पहिचान/परिचय बन्दछ ।

११ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

पर्व सामाजिक सद्भाव र जिम्मेवारी

यतिबेला नेपाली घर आँगनमा वडा दशैंको चलहपहल सुरू भएको छ। संघारमै तिहार, छठलगायतका चाडपर्व छन्। यि केवल धार्मिक आस्था र सांस्कृतिक परम्पराका प्रतीक मात्र होइनन्, सामाजिक सद्भाव, पारिवारिक एकता र राष्ट्रिय पहिचानका आधार पनि हुन्। यी पर्वले टाढिएका आफन्तलाई नजिक ल्याउँछन्, मनमुटाव बिर्साएर सम्बन्धमा आत्मीयता थप्छन् र समाजमा आपसी सहयोग तथा सद्भावको भावना बलियो बनाउँछन्। तर, पर्वको वास्तविक महत्व देखावटी खर्च र तडकभडकमा होइन, मानवीय सम्बन्ध र सांस्कृतिक मूल्यको संरक्षणमा निहित छ।

पछिल्लो समय चाडपर्वमा बढ्दो उपभोगवादी प्रवृत्ति, अनावश्यक खर्च, महँगी, कालोबजारी र अस्वस्थ प्रतिस्पर्धाले सर्वसाधारणलाई आर्थिक दबाबमा पार्ने गरेको छ। हुनेखानेको तडकभडक र विपन्न परिवारको अभावबीचको दूरीले पर्वको समानताको सन्देशसमेत कमजोर बनाउँछ। त्यसैले पर्व मनाउँदा आर्थिक क्षमताको ख्याल गर्नु, विपन्न तथा असहायलाई सहयोग गर्नु र कसैलाई पनि सामाजिक प्रतिष्ठाका नाममा खर्च गर्न बाध्य नपार्नु सबैको जिम्मेवारी समेत हो।

यसैगरी, यात्रुको सुरक्षित आवागमन, गुणस्तरीय खाद्यवस्तुको उपलब्धता, बजार अनुगमन, कृत्रिम अभाव नियन्त्रण र सार्वजनिक सुरक्षामा राज्यले विशेष ध्यान दिनुपर्छ। नागरिकले पनि मदिरा सेवन गरी सवारी नचलाउने,जुवातासबाट टाढा रहने, वातावरण प्रदूषण नगर्ने र बालबालिकाको सुरक्षालाई प्राथमिकता दिने जिम्मेवारी निर्वाह गर्नुपर्छ। पर्वको सार आपसी प्रेम, सद्भाव र सहअस्तित्व हो। सबै वर्ग, समुदाय र धर्मका नागरिकले सम्मानपूर्वक पर्व मनाउन पाउने वातावरण निर्माण गर्नु राज्य र समाज दुबैको दायित्व हो। सबैमा पर्वको शुभकामना !



शिक्षक र शिक्षा

राजनीतिक दलका कार्यकर्ता र डलरे संस्थाले भन्दा शिक्षकहरुले, विद्यालयस्तरीय कार्यक्रम तथा योजना अगाडि सारेमा समाजले सजिलै अपनत्व लिन सक्छ । शिक्षाको गुणस्तर बढाउनु नै सामाजिक रुपान्तरणको सूत्र हो ।

बालकुमार श्रेष्ठ

नेपालमा शिक्षाको इतिहासलाई केलाएर हेर्ने हो भने प्राचिनकाल, उपेक्षित काल, अँध्यारो काल र आधुनिक काल गरी चार तहमा विभाजन गरी अध्ययन गर्ने गरिएको पाइन्छ । एकिकरण पूर्वको समयमा कास्की राज्य, नेपाल (काठमाण्डौं उपत्यकाका तीन राज्यहरू : भक्तपुर, पाटन र कान्तिपुर), जुम्ला, पाल्पा, बम्हाङ, बैतडी आदि राज्यहरूमा प्रादुर्भाव भएका गुरूकुल शिक्षा पद्दतिलाई प्राचीनकालको शिक्षा भनी ऐतिहासिक अध्ययन गरिन्छ ।

त्यतिखेरका धेरै अभिलेखहरू संग्रहित नभएकोले केही सीमित अभिलेख र धेरैजस्तो जनश्रुतिका आधारमा बौद्ध शिक्षा र हिन्दुशास्त्रीय शिक्षा प्रदान गर्ने गरिएको र पूर्णकलशको जलले अभिषेक दिई दिक्षित गरेपछि आचार्य सम्मको शिक्षा पूरा भएको प्रमाणित गरि आचार्य भनिन्थ्यो । गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकिकरण अभियान सुरू गरेदेखि राजेन्द्र बीर विक्रम शाहदेवको शासनकालसम्म नेपालमा शिक्षाको इतिहासलाई उपेक्षित काल मानिन्छ, किनकी केही विद्यार्थीहरूलाई छात्रवृत्ति दिई भारतको वनारसमा पढ्न पठाउने कार्य बाहेक शैक्षिक संस्था खोल्ने वा शिक्षाको विकासमा नीति तथा योजनाबद्ध कार्य कुनै नभई सैनिक सुदृढिकरण र राज्य विस्तार मा मात्र प्राथामिकता दिइएको समय थियो त्यो ।

उपेक्षित कालमा जनस्तरबाट ब्राह्मण र लामाहरूले पिँढी शिक्षा प्रणाली, दलान शिक्षा प्रणाली र गुम्बा विहारमा शिक्षा पद्दतिको विकास भने भइरहेका थिए । राजेन्द्र बीर विक्रम शाहको शासनकालमा जंगबहादुर राणा मार्फत् राणाशासनको जग बसेपछि सुरू भयो नेपालको शिक्षामा अँध्यारोकालको सुरूवात वि.सं. २००७ सालमा राणाशासनको अन्त्य नभएसम्मको समय । त्यो कालमा जनताका छोराछोरीलाई स्कुल पढ्न प्रतिबन्ध नै लगाइएको थियो । राणाहरूका छोरा पढाउनलाई खुलेका अंग्रेजी स्कुल दरबार हाइस्कुल र त्रिचन्द्र कलेज नै नेपालको पहिलो स्कूल र कलेज थिए । केही चाकरीवाल अड्डा अदालतका कारिन्दाका छोराहरूले पनि ती शैक्षिक संस्थामा पढ्नेलेख्ने अवसर पाएका थिए । वि.सं. २००२ सालबाट पद्मशमशेरले पद्मकन्या विद्या महापीठ र पद्मकन्या कलेज खोले । देशका विभिन्न जिल्लामा पनि कक्षा ८ सम्मको पढाइ हुने मिडिल स्कुलहरू (आधार विद्यालय) खोल्ने अनुमति दिए । त्यही भएर पद्मशमशेरलाई नेपालमा स्कुलका पिता भनिन्छ । राणाशासनको अन्त्यपछि शिक्षामा आजसम्म आधुनिक काल रहेको मानिन्छ ।

नेपालमा राजा बीरेन्द्रले लागू गरेको शिक्षा पद्दतिको योजनालाई राष्ट्रिय शिक्षा पद्दतिको योजना (२०२८-२०३२) भनिन्छ । यतिबेलासम्म गाउँ फर्क अभियान, पिस्कोर भोलिन्टियर कार्यक्रम आदि राजा महेन्द्रले नै लागू गरिसकेका थिए । यसबाट स्नातक तह अन्तिम वर्ष र स्नातकोत्तर तह अन्तिम वर्षका नेपाली विद्यार्थीहरूले गाउँ पञ्चायतमा गएर कुनै एक क्षेत्रको विकासका योजना तथा कार्यक्रम बनाएपछि मात्र सर्टिफिकेट दिने प्रावधान गाउँफर्क अभियान (वि.सं. २०२४) ले राखेको थियो । पिस्कोर भोलेन्टिएरहरू गाउँ गाउँमा यसरी पसे कि विदेशी शिक्षालाई आधुनिक शिक्षा भनी प्रचार प्रसार गर्ने र नेपालका धार्मिक साँस्कृतिक महत्वका अभिलेख संकलन गर्ने कार्यमा उनीहरू उद्यत भए ।

२०३६ सालसम्म पनि नेपालका शिक्षकहरूलाई निश्चित प्रतिशत तलब मात्र नेपाल सरकारबाट निकासा हुने र अरू थप समुदायले चन्दा संकलन गरेर दिन सक्ने विद्यालयले मात्र पूरा तलब दिने नसक्नेले नदिने परिपाटी थियो । यसले गर्दा नेपालको मौलिक पहिचान सहितको माटो सुहाउँदो शिक्षा प्रणाली विकास हुनमा ठूलो अवरोध थियो । नेपालमा पञ्चायत विरोधी राजनीतिक कार्यकर्ताहरू गाउँगाउँमा पसे, उनीहरूले पनि नेपालको मौलिक संरचना र संस्कृतिलाई सबैलाई गलत करार गरी संगठन गर्न थाले । यसल गर्दा नेपालको प्राचीन आत्मनिर्भर प्रणाली नै लोप हुँदै गयो ।

हुनत नेपालमा वि.सं. २०३६ सालमा विद्यार्थी आन्दोलन र वि.सं. २०३७ सालमा जनमत संग्रह भयो । यसले राजनीतिक सचेतना भर्ने काम गर्यो । जनमत संग्रहमा सुधारिएको पञ्चायती व्यवस्ता विजयी भयो । वि.सं. २०३६ सालमै हेटौंडाबाट सुरू भएको शिक्षक आन्दोलन, वि.सं. २०३८ मा काठमाण्डौं केन्द्रित भयो । त्यसले शिक्षकका तलब, ग्रेड देशभर निश्चित गर्यो । वि.सं. २०४७ मा भएको अर्को शिक्षक आन्दोलनले निजामती कर्मचारीसंग शिक्षकको तलब स्केल समान हुने व्यवस्था भयो । वि.सं. २०४६ सालमा प्रजातन्त्र स्थापनापछि नेपाल राष्ट्रिय शिक्षक संगठन नामको नेपालका शिक्षकहरूको एउटै मात्र संगठन दलहरूको मातृ संगठन अनुसार फरक फरक दलका शिक्षक संगठनहरू खुलेकाले कमजोर भयो । आज पर्यन्त शिक्षक र कर्मचारीहरूमा धेरै सेवा सुविधामा विभेद र वञ्चित गरिएका छन् ।

वि.सं. २०७२ असोज ३ गते संविधान सभाबाट घोषणा भएको संविधानले पछि पनि वि.सं. २०२८ सालको शिक्षा ऐनमा १० औं पटक संशोधन मात्र भयो । गणतान्त्रिक शिक्षाप्रणाली सुहाउँदो गरी नयाँ ऐन बनेर विस्थापित भएन । अहिले प्रतिनिधि सभामा करिब दुई तिहाईको सरकार बनेको अवस्था छ । यसले नयाँ शिक्षा ऐन ल्याउन केही प्रयत्न गरिरहेको छ । हेरौं कस्तो शिक्षा ऐन तथा नियमावली जारी हुनेछ ।

अब शिक्षाको कुरा गरौं । नेपालमा सामुदायिक र संस्थागत गरी दुई प्रकारका विद्यालय शिक्षा प्रदान गर्ने विद्यालयहरू छन् । सामुदायिक वा सरकारी विद्यालयमा अहिले पनि १७ प्रकारका शिक्षकहरू कार्यरत छन् । तिनका तलबमान, सेवा सुविधा, सबैमा तहगत रूपमै असमानताहरू विद्यमान नै छन् । तर शिक्षा प्रणालीमा सामुदायिक विद्यालयहरूमा सरकारले तलबमान बाहेक खासै थप लगानी गर्न सकेको देखिएन । यसको मूल कारण शिक्षामा बजेट कम विनियोजन गर्नु नै हो ।

सबै अभिभावकहरूलाई राजनीतिक दलका नेताहरूले सरकारी स्कुलमा शुल्क उठाउन पाइँदैन भनेको छ, तर अनिवार्य तथा निशुल्क शिक्षामा राज्यले लगानी थप गरेकै छैन । यहाँ नयाँ र पुरानो दलको कार्य पद्दतिमा खासै फरक छैन । शिक्षा पाठ्यक्रम पुरानै छ, आधुनिक शिक्षा प्रणालीलाई आइटिको प्रयोगमा मात्र सिमित गरिएको छ । स्थानीय पाठ्यक्रमलाई आलोचना गरिन्छ भने विदेशी पाठ्यक्रमलाई प्रोत्साहन । यसबाट नेपालमै टिक्ने र बिक्ने पाठ्यक्रम बनाउनेतिर ध्यान दिएको छैन । शिक्षकलाई गालीगलौज गरेर मात्र पनि शिक्षाको विकास गर्न असम्भव होला ।

विद्यार्थीहरू पढे पनि नपढेपनि कक्षा ५ सम्म फेल गर्न नपाइने एकिकृत पाठ्यक्रम लागू गरेको छ । यसबाटै पनि अनुपस्थित विद्यार्थी बाहेक कोही अनुत्तीर्ण हुँदैनन् । निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा अनुगमन पनि गरिएको छैन । यस्तो सामुदायिक विद्यालयहरूले नेपालको ७० प्रतिशत विद्यार्थीलाई सेवा दिइरहेका छन् भने संस्थागत विद्यालयहरू सहर केन्द्रित र महंगा छन् जसले ३०प्रतिशत विद्यार्थीहरू पढाइरहेका छन् । अबको दश वर्षमा नेपालको भविष्य दक्ष जनशक्तिलाई नेपालमै टिकाउने खालको हुनेछ वा विदेशमा श्रमिक बन्ने खालको भन्नेकुरा प्रष्ट छ ।

शिक्षा प्रणालीले आफ्नो देशको स्रोतसाधनको न्यायोचित उपयोग गरी देशमा पूर्वाधार र आर्थिक वृद्धि गर्ने दक्ष जनशक्तिलाई नेपालमै रोजगारी सम्भव छ भन्ने आत्मविश्वास दिलाउने आधार दिनुपर्ने हुन्छ, जुन अहिलेको विद्यालय शिक्षामा छैन । अर्को कुरा अभिभावकहरू पनि विद्यार्थीलाई संस्कार सिकाउने भन्दा पनि अधिकार खोज्ने कर्तव्य बिर्सने व्यवहारहरू दोहोर्याइरहेका छन् । अहिले राजनीतिक दलको सदस्यता लिने शिक्षकलाई कारवाही गर्ने राम्रो सुनिने कार्य भएको छ । शिक्षकहरूको सेवा सुविधामा केही थप गर्ने कार्य आएको छ । तर आम विद्यार्थीहरूको शिक्षामा लगानी गर्न सर्वप्रथम अभिभावकलाई सचेत बनाउनुपर्ने हुन्छ ।

त्यस क्षेत्रमा राजनीतिक दलका कार्यकर्ता र डलरे संस्थाले भन्दा शिक्षकहरूले, विद्यालयस्तरीय कार्यक्रम तथा योजना अगाडि सारेमा समाजले सजिलै अपनत्व लिन सक्छ । शिक्षाको गुणस्तर बढाउनु नै सामाजिक रूपान्तरणको सूत्र हो । त्यसैले अबको शिक्षामा सुधार गर्न देशभर छरिएर रहेका शिक्षकहरूलाई नै उपयोग गरिनुपर्छ, अन्यथा नारामा सुधार हुन्छ, शैक्षिक प्रणालीमा हुन सक्दैन ।

श्रेष्ठ सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडाका सहायक प्रधानाध्यापक हुन् ।

सहीखबर
www.saheekhabar.com
सहीवार्ता
२०८३ असोज २९ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

सवारी चाप नियन्त्रण गर्न टाइमकार्ड

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडाबाट काठमाडौं जाने छोटो वैकल्पिक मार्ग हेटौंडा-भैंसे-भीमफेदी-कुलेखानी-सिस्नेरी, फाखेल, दक्षिणकाली र फर्पिङ हुँदै आउजाउ गर्ने सवारीसाधनमा बुधबार बेलुकादेखि टाइमकार्ड लागू गरिएको छ ।

दसैं-तिहारको चाडपर्वमा यात्रु र सवारीसाधनको चाप बढ्ने र धेरै ट्रिप गर्ने उद्देश्यले तीव्र गतिमा सवारीसाधन कुदाउने भएकाले टाइमकार्ड लागू गरिएको हो । टाइमकार्डअनुसार भैंसे, भीमफेदी, कुलेखानी, सिस्नेरी, फाखेल, फर्पिङ र दक्षिणकालीमा सवारीसाधनका चालकले टाइमकार्ड देखाउनुपर्नेछ । टाइमकार्डअनुसार सवारीसाधन सञ्चालन नगरेमा चालकलाई कानुनी कारबाही गर्ने जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले बताए ।

चाडपर्वलाई लक्षित गरेर जिल्ला प्रहरी कार्यालय मकवानपुरले जिल्लाभरि करिब साढे ७ सय जना प्रहरी परिचालन गरेको छ । चाडपर्वका समयमा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण, यात्रुको सुरक्षा तथा राजमार्गमा बढ्ने सवारीसाधनको चाप व्यवस्थापनका लागि विशेष सुरक्षा योजना कार्यान्वयन गर्न ७ सय ३९ जना प्रहरी परिचालन गरेको हो । जिल्ला प्रहरी प्रमुखको नेतृत्वमा कमान्ड पोस्ट रहने गरी सुरक्षा टोली परिचालन गरिएको छ । बाढीपहिरोका कारण धादिङ तथा सिन्धुली क्षेत्रका सडक अवरूद्ध हुँदा हेटौंडा हुँदै काठमाडौं आवतजावत गर्ने सवारीसाधनको चाप बढ्ने अवस्थालाई ध्यानमा राखेर राजमार्ग सुरक्षालाई विशेष प्राथमिकता दिइएको उनले बताए ।

यात्रुहरुको सहजताका लागि जिल्लाका पाँच स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ । ती कक्षमार्फत बढी भाडा असुल्ने प्रवृत्ति नियन्त्रण, यातायात व्यवस्थापन तथा महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई यात्राका क्रममा पर्न सक्ने समस्याको समाधानमा सहजीकरण गरिने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

राजमार्ग तथा मुख्य सडकखण्डमा आकस्मिक जाँच, नियमित चेकपोस्ट र ट्राफिक प्रहरीसहितको संयुक्त जाँचको व्यवस्था गरिएको छ । लापरबाहीपूर्वक सवारीसाधन चलाउने चालकलाई नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही गरिने जनाइएको छ । सुरक्षा योजनाअन्तर्गत जिल्लाका विभिन्न स्थानमा १० वटा मोबाइल गस्ती टोली परिचालन गरिएको छ । तत्काल प्रहरी सहायता आवश्यक पर्ने स्थानमा छिटो पुग्न मोटरसाइकलसहितका द्रुत प्रतिकार्य टोली (क्युआरटी), पिकेट टोली तथा पैदल गस्तीको समेत व्यवस्था गरिएको छ । चाडपर्वका समयमा बजार क्षेत्रमा हुने भीडभाड, चोरी, लुटपाट तथा जुवातासजस्ता गतिविधि नियन्त्रणका लागि सादा पोसाकमा समेत प्रहरी परिचालन गरिएको छ ।

विशेषगरी बैंक तथा वित्तीय संस्थामा आर्थिक कारोबार बढ्ने भएकाले सम्भावित चोरी तथा लुटपाटका घटना रोक्न निगरानी बढाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता माधवप्रसाद काफ्लेले बताए । चाडपर्वमा हुन सक्ने कृत्रिम अभाव, कालोबजारी तथा अस्वाभाविक मूल्यवृद्धि नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी बजार अनुगमनको व्यवस्था मिलाइएको छ । धार्मिक तथा पर्यटकीयस्थल, सरकारी कार्यालय र प्रदेश राजधानीमा रहेका विशिष्ट व्यक्तिहरुको सुरक्षाका लागि पनि प्रहरी परिचालन गरिएको छ ।

सवारी दुर्घटना तथा अन्य आकस्मिक घटनामा तत्काल उद्धार र सहायता उपलब्ध गराउन प्रहरी टोली तयारी अवस्थामा राखिएको छ । कुनै स्थानमा घटना हुँदा परिचालित जनशक्ति अपुग भएमा थप परिचालन गर्न दुईवटा रिजर्भ टोलीको व्यवस्था गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

ठगिँदै उपभोक्ता: कपडा, जुत्तादेखि खाद्यान्नसम्म मनपरी मूल्य



○ सहीखबर संवाददाता

मकवानपुर । चाडपर्वको मुखमा किनमेल गर्ने उपभोक्ता हेटौंडाका बजारमा ठगिएको गुनासो बढेको छ।

कपडा, जुत्तादेखि दशैंका लागि आवश्यक खाद्यान्नका सामान खरिद गर्दासम्म उपभोक्ताले पसलैपिच्छे फरक मूल्य तिर्नुपर्ने र गुणस्तरीय सामान नपाउने समस्या भोग्नुपरेको बताएका छन्।

दशैंलाई लक्षित गर्दै बजारमा किनमेल गर्ने उपभोक्ताले एउटै प्रकृतिका सामानको मूल्य पसलअनुसार फरक पाउने गरेको गुनासो गरेका छन्। बजारमा मूल्यमा एकरुपता नहुँदा र गुणस्तरअनुसारको सामान नपाउँदा उपभोक्ता मार मा परेको उनीहरुको भनाइ छ।

मकवानपुरगढीबाट छोराछोरीका लागि कपडा खरिद गर्न हेटौंडा आएकी उर्मिला सापकोटाले कपडा पसलैपिच्छे मूल्य फरक पाउने गरेको बताइन्। बजारमा सामानको मूल्य र गुणस्तर बीच तालमेल नहुँदा उपभोक्तालाई कुन पसलबाट सामान खरिद गर्ने भन्ने अन्योल हुने गरेको उनको भनाइ छ।

त्यस्तै, हेटौंडा उपमहानगरपालिका हटियाका उपभोक्ता उमेश घिमिरेले पनि दशैंका लागि खाद्यान्न खरिद गर्दा ठगिएको गुनासो गरेका छन्। खाद्यान्नका सामानको मूल्य पसलअनुसार फरक हुने र आफूले तिरेको मूल्यअनुसारको गुणस्तरीय सामान नपाउने समस्या रहेको उनीहरुले बताएका छन्।

चाडपर्वका बेला उपभोक्ताको चहलपहल बढ्ने र घरायसी सामानको माग उच्च हुने अवसरमा बजारमा मूल्य तथा गुणस्तरको समस्या देखिएको उपभोक्ताको गुनासो छ। दैनिक उपभोग्य वस्तुदेखि लत्ताकपडासम्म खरिद गर्दा उपभोक्ताले वास्तविक मूल्य र गुणस्तरबारे सहजै जानकारी पाउन नसकेको उनीहरुको भनाइ छ।

उपभोक्ताले बजारमा मूल्यसूचीको प्रभावकारी कार्यान्वयन, सामानको गुणस्तर जाँच तथा नियमित अनुगमन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

चाडपर्वको समयमा बजार अनुगमनलाई प्रभावकारी बनाई कृत्रिम मूल्यवृद्धि, गुणस्तरहीन सामानको बिक्री तथा उपभोक्तामाथि हुने सम्भावित ठगी नियन्त्रण गर्नुपर्ने उनीहरुको भनाइ छ।

उपभोक्ताको गुनासो सम्बोधन गर्न सम्बन्धित निकायले बजार अनुगमनलाई प्रभावकारी बनाउनुका साथै मूल्य र गुणस्तरमा उपभोक्ताको पहुँच सुनिश्चित गर्न आवश्यक देखिएको छ।

बाढीपहिरोबारे छलफल गर्न प्रदेशसभा बैठक माग

○ सहीखबर संवाददाता

मकवानपुर । भोटेकोशीले रसुवा, नुवाकोट, धादिङ जिल्लालगायतको क्षेत्रमा पारेको क्षतिबारे सवाल उठाउने वातावरण मिलाउन माग गरिएको छ ।

राहत, क्षतिपूर्ति, पुनःस्थापना तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणबारे छलफल गर्न बागमती प्रदेशसभाको बैठक तत्काल बोलाउन माग गरिएको हो ।

बागमती प्रदेशसभा सदस्य शुष्पा भुजेल न्यौपानेले उपसभामुख अप्सरा चापागाईंलाई ध्यानाकर्षणपत्र बुझाउँदै प्रदेशसभाको बैठक यथाशीघ्र बोलाउन माग गर्नुभएको हो । प्रदेशसभा सदस्य शुस्पाले प्रदेशसभा बैठक बोलाउनका लागि ध्यानाकर्षण गराउनु भएको बागमती प्रदेशसभाका प्रवक्ता तथा कानूनका उपसचिव प्रकाश चापागाईंले बताउनुभयो ।

२०८३ साल भदौ १० गते आएको विनाशकारी बाढीपहिरोका कारण रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको थियो ।

बाढीपहिरोले सडक, पुल, जलविद्युत् आयोजना, खानेपानी, विद्यालय, स्वास्थ्य संस्था तथा कृषि क्षेत्रमा समेत गम्भीर क्षति पुग्याएको छ । विपद्बाट प्रभावित नागरिकको जनजीवन कष्टकर बनेको अवस्थामा उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणका कामलाई प्रभावकारी बनाउन प्रदेशसभा बैठक आवश्यक रहेको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

ध्यानाकर्षणपत्रमार्फत बाढीपहिरोबाट भएको क्षतिको यथार्थ विवरण, हालसम्म सञ्चालन गरिएका उद्धार तथा राहतका कार्य र मृतकका परिवार तथा घाइतेलाई उपलब्ध गराइने सहायता सम्बन्धमा सदनमा छलफल गर्न माग गरिएको छ । त्यसैगरी, क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र भविष्यमा यस्ता विपद्बाट हुने क्षति न्यूनीकरणका लागि दीर्घकालीन उपाय अवलम्बन गर्ने विषयलाई समेत प्राथमिकताका साथ उठाइएको छ ।

विपद् व्यवस्थापन नागरिकको जीवन, सुरक्षा र सामाजिक न्यायसँग प्रत्यक्ष जोडिएको विषय भएकाले प्रदेशसभाले यसबारे गम्भीर छलफल गर्नुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

प्रदेशसभाले जनताको आवाज उठाउने, सरकारलाई जवाफदेही बनाउने तथा प्रभावित नागरिकको पक्षमा आवश्यक नीतिगत निर्णय र निर्देशन दिने संवैधानिक दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिइएको छ ।

विपद्बाट उत्पन्न संकटको गम्भीरतालाई ध्यानमा राख्दै प्रदेशसभाको बैठक तत्काल

माटोले पुरिएर एक जनाको मृत्यु,एक घाइते



मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका १० मेनरोडमा घरको जगमा रहेको इँटा निकाल्ने क्रममा माथिबाट माटो खस्दा पुरिएर एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

घटनामा हेटौंडा १० पूर्वेलीटोलका करिब ४५ वर्षीय किरण राना मगरको मृत्यु भएको हो । घटनामा मनहरी गाउँपालिका ६ का २७ वर्षीय रोशन श्रेष्ठ घाइते भएका छन् । प्रहरीका अनुसार उक्त स्थानमा रहेको घर पहिले नै भत्काइएको थियो । घरको जगमा रहेका इँटा निकाल्ने क्रममा माथिबाट माटो खस्दा इँटा निकालिरहेका राना मगर र श्रेष्ठ माटोले पुरिएका थिए ।

घटनाको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले दुवै जनाको उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल पुग्याएको थियो । अस्पतालमा उपचारका क्रममा चिकित्सकले साँझ ६:०३ बजे किरण राना मगरलाई मृत घोषणा गरेका थिए ।

घाइते श्रेष्ठको कम्मरमा चोट लागेको र उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । मृतकको शव हेटौंडा अस्पतालमै रहेको तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

हराउँदै दशैंको...

पेज १ को बाँकी

रोटे पिङ निर्माण गर्न निकै सीप, धेरै मानिसहरूको श्रम तथा ठुलै खर्च आवश्यक हुन्छ । काठको अभाव, निर्माण गर्ने पुराना कालीगडहरूको कमी र आधुनिक मनोरञ्जनका साधनका कारण यो लगभग पूर्ण रूपमा लोप भइसकेको छ।

लिङ्गे पिङ बाँसका चारवटा अग्ला लिङगा गाडेर बाबियो वा सनपाटको लठ्ठा (डोरी) बाटेर लिङ्गे पिङ हालिन्छ। दशैंमा "एकपटक भए पनि भुइँ छाड्नुपर्छ, मरेपछि स्वर्ग पुगिन्छ भन् खेलिथ्यो" सुमित्रा भन्छिन् । अब त्यो जनविश्वास पनि रहेन । तर पछिल्लो समय बाँस र बाबि डोरीको सट्टा सुतली, प्लाष्टिक वा नायलोनको डोरी प्रयोग हुन थालेको छ ।

जमरा मन्दिरमा सिफ्ट

दशैंमा घरघरमा राखिने जमरा पछिल्लो समय चोकको खुल्ला स्थानमा दुर्गा स्थापना गरि सामूहिक पूजा गर्ने र जमरा राख्ने वा मन्दिरहरुमा मात्रै राख्ने प्रचलन बढेको छ ।

दुर्गा पूजा घरघरमा गर्ने प्रचलन पनि विस्तारै हराउँदै छ । बरु चोकहरुमा अस्थायी दुर्गा मुर्ति बनाउने परम्पराले नेपाली रुपैया बाहिरीएको छ । नौरथा लाग्नुभन्दा महिनादिन अगावै सुरु हुने मुर्ति निर्माणका लागि भारतबाट आउने कालिगढहरुले प्रत्येक वर्ष लाखौ रुपैया लिएर जान्छन् ।

यसले केही सामूहिकता जगाउला तर नया पुस्तालाई घरघरमा जमरा राख्दा जति मौलिकता प्रति अध्ययन गर्ने अवसर हुन्थ्यो त्यो अब त्यति सहज छैन । हर दिन जमरा पुरा गर्ने, दुर्गामाताको फरक फरक स्वरुपलाई पूजा गर्ने, फूलपाति, अष्टमी, नवमी तथा दशमीको दिनमा गरिने विशेष पूजाबारे ज्ञान नयाँ पुस्तामा विस्तार हुने क्रम लोप हुदै गएको छ ।

एकातिर युवाहरू रोजगार वा अध्ययनका लागि शहर र विदेशतर्फ केन्द्रित छन्, बालबालिका तथा युवाहरू मोबाइल, टेलिभिजन, गेम र सामाजिक सञ्जालमा बढी व्यस्त हुनुले समेत परम्परागत सिप हराउँदो छ ।

पार्क तथा घरहरूमा फलाम वा प्लाष्टिकका तयारी पिङको प्रयोग बढ्नु तथा पहिलेजस्तो गाउँघरमा भेला भएर दशै मनाउने र श्रमदान गर्ने सामाजिक सद्भाव तथा सहकार्य घट्दो रहेको संस्कतविद् रामचन्द्र आचार्य बताउँछन् ।

दशैंमा राखिने पिङ केवल मनोरञ्जनको साधन मात्र नभई नेपाली समाजको एकता, भाइचार ा र मौलिक संस्कृतिको प्रतीक हो। स्थानीय तह, युवा क्लब तथा सांस्कृतिक संस्थाहरूले अग्रसरता देखाएर बाँस र बाबियोको संरक्षण गर्दै पिङ हाल्ने परम्परालाई निरन्तरता दिनु आवश्यक रहेको औलाउँछन् आचार्य ।

उनका अनुसार नेपाली लोकसंस्कृति र समाजशास्त्रको दृष्टिबाट हेर्दा पिङ केवल मनोरञ्जन वा खेल मात्र होइनह यो हाम्रो सामाजिक बनोट, प्रकृतिसँगको सम्बन्ध, आध्यात्मिक विश्वास र मौलिक पहिचानसँग गहिरोसँग जोडिएको एउटा महत्वपूर्ण सांस्कृतिक प्रतीक हो।

जनविश्वास अनुसार दशैंको दिन पिङ खेलेर भुइँ छाड्नाले वर्षभरिको कष्ट, पाप र शारीरिक आलस्य मेटिन्छ र आत्मामा ऊर्जा थपिन्छ भन्ने मान्यता छ।

के के हराए मौलिकतासँगै

दशैंमा माटोले घर लिपपोतमा गरिने कला र पिङ मात्रै हराएका छैनन् । यो सँग जोडिएका कला र परम्परा पनि हराउँदो छन् । प्रकृतिसँगको निकटता हराउँदो छ । ग्रामिण हस्तकलाहरु लोक हुँदैछन् । पिङमा प्रयोग हुने बाँस, बाबियो, डोरी र काठ सबै प्रकृतिका उपज हुन् । पिङमा मच्चिनुलाई धर्ती र आकाशबीचको सन्तुलन तथा प्रकृतिप्रतिको आभार व्यक्त गर्ने तरिका मानिन्छ।

लिङगे वा रोटे पिङ एक्लै बनाउन असम्भव हुन्छ। बाबियो काट्ने, डोरी बाट्ने, बाँस काट्ने र ठड्याउने कार्यमा सिङ्गो चौतारी वा गाउँका मानिसहरू जुट्थे। यसले नेपाली समाजको श्रमदान र अर्मपर्म सामुहिकताको संस्कृतिलाई बलियो बनाउँथ्यो। यो परम्पारा पनि हराउँदो छ ।

दशैंमा घर फर्किएका परदेशी, गाउँले र आफन्तहरू पिङ खेल्ने बहानामा एकै ठाउँमा भेला हुन्थे। यसले मनमुटाव बिर्साएर सामाजिक एकता र सद्भाव अभिवृद्धि गर्थ्यो।

काठका ठूला चक्रहरूलाई काठकै किला र चुकुलका भरमा अड्याएर घुमाउने रोटे पिङ र चार वटा बाँसको सन्तुलन मिलाएर उभ्याइने लिङ्गे पिङ नेपाली पुर्खाको मौलिक प्रविधिका उत्कृष्ट नमुना हुन्।

वातावरणमैत्री सामग्री (बाँस, काठ, बाबियो) को प्रयोगले हाम्रो प्राचीन जीवनशैली प्रकृतिको प्रतिकूल नभई अनुकूल थियो भन्ने प्रमाण दिन्छ। "दशैंको पिङ र लिपपोत परम्पारा लोप हुनु भनेको माटो, काठ वा बाँसको ढाँचा हराउनु मात्र होइन, यससँगै जोडिएको रैथाने सीप, सामूहिक श्रमको भावना, सामाजिक एकता र मौलिक पहिचान हराउँदै जानु हो" आचार्य भन्छन् ।



मंगलमय शुभकामना

नेपालीहरूको महान पर्व शुभ विजया दशमी, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा यस विद्यालयका अभिभावकहरू, विद्यार्थी, शिक्षक, कर्मचारी, शुभचिन्तकलगायत आमनेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

भुटनदेवी माध्यामिक विद्यालय परिवार

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौ

- चाडपर्व मनाउँदा अनावश्यक तडक भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।
- सामाजिक सद्भाव र सहिष्णुता कायम गरौ ।

नेपालीहरूको महान पर्व वडा दशैं, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा यस वडावासीलगायत सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वडा अध्यक्षः दामोदर गौतम | वडा सचिवः रोजिना सापकोटा

७ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका, मकवानपुर



मंगलमय शुभकामना

नेपालीहरूको महान पर्व शुभ विजया दशमी, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा यस विद्यालयका अभिभावकहरू, विद्यार्थी, शिक्षक, कर्मचारी, शुभचिन्तकलगायत आमनेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

बालजागृति इङ्लिस बोर्डिङ स्कुल परिवार

डेंगीबाट बचौं र बचाऔं

लक्षणः

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

९ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दु:ख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔ, मानसिक स्वास्थ्य जोगाऔं ।

१५ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

सुरक्षित यात्रा, सुखद चाडपर्वको हार्दिक शुभकामना

❖ नेपालीहरूको महान् चाड बडादसैं, तिहार, नेपाल संवत् तथा छठ पर्व-२०८३ को पावन अवसरमा देश-विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

❖ चाडपर्व खुसी, उमङ र परिवारसँगको पुनर्मिलनको अवसर हो। यस अवसरमा यात्रामा निस्कँदा सवारी साधनको क्षमता, सडकको अवस्था र ट्राफिक नियमको पूर्ण पालना गरौं।

❖ तीव्र गति र मादक पदार्थ सेवन गरी सवारी चलाउने कार्यलाई निरुत्साहित गरौं।

❖ सुरक्षित यात्रा नै सुखद चाडपर्वको पहिलो आधार हो। यात्रु, चालक, सहचालक, व्यवसायी तथा सडक प्रयोगकर्ता सबैले आफ्नो जिम्मेवारी पूरा गरौं र दुर्घटनामुक्त यात्राका लागि हातेमालो गरौं।

आफू बचौं अरुलाई बचाऔं,
"सुरक्षित यात्रा-जिम्मेवार यातायात-सुखद चाडपर्व"

अध्यक्ष गोकर्ण प्रसाद पराजुली
नारायणी यातायात व्यवसायी कम्पनी प्रा.लि

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झैं-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

५ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।
- विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

४ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

पानीका स्रोतको संरक्षण गरौं

- ☞ वनसम्पदाको संरक्षण गरौं,
- ☞ खुला ठाउँमा वृक्षरोपण गरौं,
- ☞ इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- ☞ भूमिगत पानीको दोहन नगरौं,
- ☞ पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं, सहीरबर सहीरबर सहीरबर
- ☞ खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

साथै नेपालीहरूको महान पर्व शुभ विजया दशमी, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा हाम्रा सेवाग्राहीहरूलगायत सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष प्रताप विष्ट एवम्
हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड
परिवार, हेटौंडा ।

हार्दिक शुभकामना



नेपालीहरूको महान पर्व शुभ विजया दशमी, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा यस संघमा आबद्ध यातायात व्यवसायीहरू, सेवाग्राहीहरूलगायत सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष हिरालाल श्रेष्ठ एवम्
पुरानो नारायाणी यातायात व्यवसायि संघ परिवार

डेंगीबाट बचौं र बचाऔं

लक्षण: ❖ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,

- ❖ अत्याधिक टाउको दुख्नु, उच्च ज्वरो आउनु,
- ❖ शरीरमा राता बिबिराहरु आउनु,
- ❖ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- ❖ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- ❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- ❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- ❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- ❖ सुत्ने बेलामा झुल लगाएर सुतौं,
- ❖ एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

१३ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

सुरक्षित यात्रा गरौं

- ○ यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- ○ चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- ○ मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- ○ मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- ○ सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- ○ क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- ○ लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- ○ सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं,

सुरक्षित यात्राका लागि ट्राफिक
नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सरसफाई सम्बन्धि सूचना

- ● हाम्रो वरपरको वातावरण सरसफाई राखौं। स्वच्छ वातावरणमा बाचौ र रमाऔं । बातावरण सफा राख्न:

☞ सार्वजनिक स्थानहरू सफा राख्नुहोस्, फोहोर उचित ठाउँमा फाल्नुहोस् ।
☞ वातावरण संरक्षणमा ध्यान दिनुहोस्, पुन: प्रयोग र रिसाइक्लिङलाई प्राथमिकता दिनुहोस् ।

सरसफाइका फाइदाहरू

- ● रोग र संक्रमणबाट बच्न सकिन्छ,
- ● शारीरिक र मानसिक स्वास्थ्य सुधार हुन्छ,
- ● आत्मविश्वास बढ्छ,
- ● समाजमा सकारात्मक छवि निर्माण हुन्छ,
- ● नयाँ पुस्ताले सकारात्मक ज्ञान आर्जन गर्न सक्नेछन्,
- ● व्यक्ति र समाजको सभ्य पहिचान/परिचय बन्दछ ।

१० नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका